# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७५ श्रावण ३

### अस्पतालमा प्रहरी प्रवेश गरी अत्याधिक बल प्रयोग हुनु निन्दनीय

जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २० दिनदेखि अनसनरत् डा.गोविन्द के.सी. लाई काठमाण्डौ लैजान अनसनस्थल पुगेका प्रहरी र डा.के.सी. समर्थक स्वास्थ्यकर्मी एवं चिकित्सा शिक्षा अध्ययनरत् विद्यार्थीबीच अस्पताल भित्रै झडप भई तीनजना चिकित्सकहरु, एकजना प्रहरी सहित केही विद्यार्थी र नर्सहरु घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले जुम्लाको उक्त घटनाको अनुगमन गरिरहेको छ । अनुगमनको क्रममा धर्नामा रहेका डा.के.सी. समर्थकहरुले अनसनरत डा.के.सी. लाई काठमाण्डौं लैजान अनसनस्थल पुगेका कर्णालीप्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाही, कानुनमन्त्री नरेश भण्डारी र सुरक्षाकर्मीहरुलाई अवरोध गर्नेक्रममा प्रहरीले लाठी चार्ज गर्दा झडप भएको बुझिएको छ । झडपमा तीनजना चिकित्सक, एकजना प्रहरी गम्भीर घाइते भएको, स्वास्थ्य उपरण तथा अस्पतालको भवनमा समेत क्षति भएको तथा अस्पतालमा उपचाररत विरामीहरु त्रसित भएकी पाइएको छ । आयोगको अनुगमनबाट प्राप्त सूचनाको आधारमा प्रहरीले अस्पतालमा अन्धाधुन्ध लाठी प्रहार गरिरहँदा त्यस्तो परिस्थितिलाई तत्काल रोक्न नेपाल सरकारका गृह सचिवमार्फत् गृह मन्त्रालयलाई आयोगले तत्कालै मौखिक निर्देशन दिएको छ ।

अस्पताल भवन भित्रै प्रहरी प्रवेश गरी कुटपीट गर्नु, झडप भई अस्पताल भवन लगायत स्वास्थ्य उपकरणहरुमा क्षति पुग्नु निन्दनीय कार्य हो । झडपको क्रममा घाइते भएका चिकित्सक, विद्यार्थी एवं प्रहरीलाई निःशुल्क र प्रभावकारी स्वास्थ्योपचारको व्यवस्था मिलाउन, हिंसा र अनुचित बल प्रयोगबाट मानव अधिकारको संरक्षण हुन नसक्ने हुँदा सार्थक वार्ता र संवादबाट समस्याको समाधान गर्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ । स्वास्थ्य जस्तो अत्यावश्यकीय सेवा बन्द गरिंदा नागरिकको स्वास्थ्यको अधिकारमा पर्न जाने असरप्रति सचेत रहँदै आफ्ना विरोधका कार्यक्रमहरु तय गर्दा कर्तव्यप्रति पनि सचेत रहन आयोग स्वास्थ्यकर्मीहरुलाई ध्यानाकर्षण गराउँदछ ।

..................
मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org